# तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५

## तुलसीपुर उपमहानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :** तुलसीपुर उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तुलसीपुर उपमहानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि तुलसीपुरउपनगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२) **सम्पति कर :** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३) **भूमि कर (मालपोत)** : तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४) **घर जग्गा वहाल कर :** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५) **व्यवसाय कर :** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६) **जडिबुटी, कवाडी र जीवजन्तु कर :** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७) **सवारी साधन कर** : तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८) **विज्ञापन करः** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साईनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९) **मनोरन्जन कर** : तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०) **बहाल बिटौरी शुल्क** : तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका भवन, जग्गा वा अन्य सम्पत्ति, सार्वजनिक स्थल, ऐलानी जग्गामा अस्थाई टहरा, छाप्रा, पसल, आवास तथा हाटबजार, मेलामा थापेका पसलहरु अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११) **पार्किङ शुल्क :** तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२) **सेवा शुल्क, दस्तुर** : तुलसीपुर उपमहानगरपालिका नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन व्यवस्थापन गरेका तथा अनुसूचिमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनूसूचि (११) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३) **बिक्रि तथा निकासी शुल्क** : तुलसीपुर उपमहानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टि, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट खरिढुंगा, आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुको बिक्रि तथा निकासीमा अनुसूची (१२) मा उल्लेखित दरमा बिक्रि तथा निकासी शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४) **लगानी बाट प्रतिफल** : तुलसीपुर उपमहानगरपालिकाले बिभिन्न क्षेत्रमा लगानी गरेको ऋण तथा शेयरबाट प्राप्त हुने रकम अनुसूची (१३) लगानीमा लाभांश प्राप्ती र उल्लेखित दरमा लगानीको व्याज असुल उपर गरिनेछ ।

१५) **कर छुट** : (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२) उपदफा १ मा जे सुकै लेखिएको भएता पनी नगरसभाले आवश्यक ठानेमा कुनै क्षेत्रमा अनुसूची (१४) बमोजिमको कर छुट, अनुदान तथा सुविधा को व्यवस्था गर्न सक्नेछ ।

१६) **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि तुलसीपुर उपमहानगरपालिकाले तोके अनुसार हुने छ ।